# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कात्तिक १६ गते २०३३ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ललितपुर दमकलको लागि वाग्मती अन्चल, ललितपुर जिल्लाको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

ल. पु. नगर पञ्चायत वडा नं. ४ (झ) मा पर्ने पूर्व हाल निर्माण भएको जाउलाखेल जाने मूल सडक, पश्चिम कि. नं. २ को बाँकी जग्गा र जुद्ध वारूण यन्त्रको पर्खाल, उत्तर कि. नं. ११ र १२ को जग्गासाँध, दक्षिण कि. नं. ३ को जग्गासाँध यति ४ किल्ला-भित्रको कि. नं. ८ बाट ०–३–३, कि. नं. ९ बाट ०–४–२, कि. नं. १० बाट ०–६–० समेत जम्मा जग्गा ०–१४–१ (चौध आना एक पैसा) को मालपोत रू. ३।४९ (तीन रूपैयाँ उनन्चास पैसा) लाग्ने कित्ता ।

आज्ञाले–

शेरबहादुर शाही

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मुस्ताङ जिल्लाबाट ल्याइएका तिब्बती शरणार्थीहरूमध्ये थाम्दो जातिका शरणार्थीहरूलाई बसोबास गराउनको लागि गण्डकी अञ्चल, कास्की जिल्ला, तल्लो हेम्जा ग्रा. पं. वडा नं. १ अन्तर्गत पर्ने हेम्जाबाट पोखरातर्फ जाने मुल बाटोदेखि पूर्व, सेती गण्डकीतर्फको डिलदेखि पश्चिम, पर्ति बाँझो चौरदेखि उत्तर, पदमनाथको घर र वरको चौताराबाट सेतीतर्फ गएको खहरेको पर्खालदेखि दक्षिण यति ४ किल्लाभित्रको ९० सालको जाँचमा जि. मु. मनपति झुत्ता जिम्मा भद्र पौडेलको दर्ता मो. नं. २५० को जम्मा खेत मुरी ।३०।१७।१ (तीस मुरी सत्र पाथी एक माना) को जम्मा तिरो रू. १५।७४ (पन्द्र रूपैयाँ चौहत्तर पैसा) लागेको रोपनी १५।६।३।२ को निम्नलिखित खलाहरूको जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. खेत मुरी ।४।५।५ को तिरो रू. ३।८६ को कि. नं. ९,१० को रोपनी १।१५।१।३ को पूरै खला– – – – – – – – – २

२. खेत ।३।११ को तिरो रू. १।६१ को कि. नं. ५ को रोपनी १।१।१।१ को पूरै खला – – – – – – – – – – १

३. खेत। ६।१४।२ को तिरो रू. ४।३९को कि. नं. ३,४ को रोपनी ५।१०।०।१ को पूरै खला – – – – – – – – – २

४. खेत ।६।१२।४ तिरो रू. २।९९को कि नं. ६,७ को रोपनी ३।११।१।३ को पूरै खला – – – – – – – – २

५. खेत ।४।१८।६ को तिरो रू. २।२२ को कि. नं १,२ को रोपनी २।०।२।१ को पूरै खला – – – – – – – – २

६. खेत ।१।१५ को तिरो रू. ।६७ को कि. नं. ८ को रोपनी १।०।०।१ को पूरै खला – – – – – – – – १

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

४६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।